**नेपाली** / *NEPALI*

# युनिभर्सिटी हाउजिङ्ग कर्मचारी पुरस्कार
## २०१९ को पुरस्कारका लागि मनोनयनहरू *(NOMINATIONS)* खुला छन्
## मार्च १५ – अप्रिल १५, २०२०

युनिभर्सिटी हाउजिङ्गका कर्मचारीहरू सबै भन्दा राम्रो हुनुहुन्छ ! आफूसँग काम गर्ने सहकर्मीको नाम मनोनयन गर्नुहोस् जसले काममा राम्रो प्रभाव पार्नु भएको छ, तपाईँलाई प्रेरणा दिनुभएको छ, अथवा हाउजिङ्गलाई उत्कृष्ट स्थान बनाउनु भएको छ। विजेताहरू हाउजिङ्ग विभागको मे १३, २०२० मा हुने ब्रेकफास्टमा सम्मानित हुनुहुनेछ।

सबै युनिभर्सिटी कर्मचारीहरूलाई आफ्नो सहकर्मीहरूको नाम मनोनयन गर्न निमन्त्रणा छ। यसमा अस्थायी *(TE)*, आयोजना *(Project)*, पूर्ण समय *(full-time)*, आंशिक समय *(part-time)*, युनिभर्सिटी कर्मचारी, शैक्षिक कर्मचारी, र विद्यार्थी कर्मचारीहरू समावेश छन्।

अस्थायी, आयोजना, पूर्ण समय, आंशिक समय, युनिभर्सिटी कर्मचारी र शैक्षिक कर्मचारी राम्रो स्थितिमा *(good standing)* हुनुहुन्छ र जसले युनिभर्सिटी हाउजिङ्गमा कमसेकम छ महिना काम गर्नु भएको छ, वहाँहरू जित्नका लागि योग्य हुनुहुन्छ।

**नयाँ कर्मचारी पुरस्कार** - एक व्यक्तिलाई सम्मान गर्ने जसले युनिभर्सिटी हाउजिङ्गमा तीन वर्ष भन्दा कम काम गर्नुभएको छ। **यी कर्मचारी ऊर्जाका साथ आफ्ना नयाँ कार्यपदमा संलग्न छन् र आफ्ना भूमिकामा उत्कृष्ट प्रयास गर्दछन्।**

**अनुभवी कर्मचारी पुरस्कार** - एक व्यक्तिलाई सम्मान गर्ने जसले तीन वर्ष भन्दा बढी युनिभर्सिटी हाउजिङ्गमा काम गर्नुभएको छ र जसले आफ्नो काममा स्थिर प्रतिबद्धता र उत्कृष्टता देखाउँदै अरू कर्मचारीहरूको लागि सल्लाहकारको रूपमा भूमिका निभाउनु भएको छ।

**मुख्य मानहरूको *(Core Values)* पुरस्कार** - एक व्यक्ति, अथवा समूहलाई सम्मान गर्ने, जसले युनिभर्सिटी हाउजिङ्गको एक वा बढी मुख्य मानहरूलाई लिएर काम गर्नु भएको छ। (स्याहार, रचनात्मकता, ईमानदारीता, आशावाद, आदर, सेवा, र उत्कृष्टता)

सबै भाषाहरूमा भरीएका मनोनयनहरू स्वागत छन् र कागजी प्रतिलिपिहरू *(copies)* ब्रेक कोठाहरूमा उपलब्ध हुनेछन्। यदि तपाईँलाई सहयोगको आवश्यक भएमा, कृपया आफ्नो सुपरभाईजरसँग बुझ्नुहोला।

मनोनयनहरूको म्याद: अप्रिल १५, २०२० रातको ११:५९ भित्र
मनोनयन यहाँ गर्नुहोला: go.wisc.edu/housingawards

University Housing
UNIVERSITY OF WISCONSIN–MADISON

**तपाईँको जानकारी दिनुहोस्**

तपाईँको नाम:
तपाईँको कार्य शीर्षक *(Title)*:
तपाईँको कार्यविभाग *(Department)*:
तपाईँको ईमेल:

**तपाईँले मनोनयन गर्नुहुने व्यक्तिको जानकारी दिनुहोस्**

मैले मनोनयन गर्दैछु: ☐ व्यक्ति ☐ समूह *(**समूहको मनोनयन भागमा** जानुहोस्)*

**व्यक्तिको मनोनयन**

वहाँको नाम:
वहाँको कार्यविभाग:
वहाँको ईमेल:
सेवा वर्ष: ☐ ०-३ बर्ष ☐ ४+ बर्ष ☐ थाहा भएन

**समूहको मनोनयन**

समूहको नाम वा आयोजना:
आयोजना प्रायोजकको नाम:
कृपया टोलीको प्रत्येक सदस्यको नाम, विभाग, र ईमेल लेख्नुहोस्। यदि ८ जना भन्दा बढी टोली सदस्यहरू भएमा, कृपया अर्को पानामा थप सदस्यहरूको नामहरू लेखेर यो फारमसँग बुझाउनुहोला:

---

---

**मनोनयन – समर्थक बयान**

कृपया बताउनुहोस् कि यो व्यक्ति वा टोलीले **युनिभर्सिटी हाउजिङ्गका मुख्य मानहरू** आफ्ना काममा कसरी समावेश गर्दछन्। एक दुईवटा उदाहरणहरू पनि दिनुहोला *(७५० शब्द सम्म, आवश्यक भएमा अर्को पाना थप्नुहोला)*:

---

---

---

---

---

कृपया यहाँ तपाईँले मनोनयन गर्नुभएको व्यक्ति वा टोलीको बारेमा हाम्रो विचारको लागि अरू केही, विशेष गरी **नयाँ कर्मचारी पुरस्कार र अनुभवी कर्मचारी** पुरस्कारका बारेमा, जानकारी लेख्नुहोला *(७५० शब्द सम्म, आवश्यक भएमा अर्को पाना थप्नुहोला)*:

*पुरस्कारको लागि सहकर्मी वा समूहलाई मनोनयन गर्नु भएकोमा धन्यवाद। यो फारम पूरा गरेपछि तपाईँको सुपरभाईजरलाई बुझाउनुहोला।*

**सुपरभाईजर:** पुरा भएका मनोनयनका फारमहरू सङ्कलन गरेपछि, कृपया **Jennifer Grudzinski, Human Resources Office, Slichter Hall** लाई मेल गर्दिनुहोला

पुरस्कार विजेताहरूलाई मे १३, २०२० को हाउजिङ्ग विभागको ब्रेक्फास्ट भन्दा अगाडि सूचना दिइनेछ।

कर्मचारी पुरस्कार समितिले पुरस्कारका विजेताहरूलाई रोज्नेछन्। समितिका सक्रिय सदस्यहरू कर्मचारीहरू मनोनयन गर्न वा समितिमा रहेको समयमा पुरस्कार प्राप्त गर्नका लागि योग्य छैनन्। यदि समितिको सदस्यलाई एक टोलीको भागको रूपमा पुरस्कारको लागि मनोनीत गरिएको छ भने, ती सदस्य त्यस पुरस्कारको चयनको बेलामा मतदान गर्नेछैनन्।

**हालको समितिका सदस्यहरू:**

- Alberto Aguilla-Pichon, *University Apartments*
- Sara Arnsdorf, *Residential Operations*
- Sarah Barnes, *Residential Operations*
- Sam Bester, *University Apartments*
- Ethan Brower, *Business Services*
- Jennifer Grudzinski, *Human Resources*
- Barb Haggerty, *Residence Life*
- Brian Holbach, *Residence Hall Facilities*
- Lois Schneider, *Dining & Culinary Services*
- Johnson Thao, *Residence Hall Facilities*
- Danielle Wolfgang, *Residential Operations*